# धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट (चौथौं संशोधन) विनियमावली, २०७७

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३० ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले यो विनियमावली बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी विनियमहरुको नाम " धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट (चौथौं संशोधन) विनियमावली, २०७७ " रहको छ ।

(२) यो विनियमावली सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले सार्वजनिक सूचना प्रकाशित गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **विनियम १३ को उपविनियम (१) मा संशोधन को सट्टा देहाय बमोजिमको उपविनियम (१) राखिएको :** धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९(यस पछि मूल विनियमावली भनिनेछ) को विनियम १३ को उपविनियम (१) को सट्टा देहाय बमोजिम उपविनियम (१) राखिएको छ :

"(१) राफसाफ सदस्यले धितोपत्रको राफसाफ तथा फछ्र्यौट कार्य कारोबार भएको दिन बाहेक २ (दुई) कार्य दिन (T+2) भित्र गर्नु पर्नेछ ।"

३. **विनियम १४ को उपविनियम (२) को खण्ड (ञ) मा संशोधन :** मूल विनियमावलीको विनियम १४ मा देहाय बमोजिम संशोधन गरिएको छ :

(१) उपविनियम (२) को खण्ड (ञ) को सट्टा देहाय बमोजिम खण्ड (ञ) राखिएको छ :

"(ञ) माथि जुनसुकै कुरा लेखिएको भएतापनि कारोबार सम्पन्न भएको दुई कार्य दिन भित्र खण्ड (ग) बमोजिम बिक्रीकर्ता सदस्यले धितोपत्र सम्बन्धित खरिदकर्तालाई नबुझाए तापनि खरिदकर्ता सदस्यले आफूले बुझाउनु पर्ने रकम बुझाउन सक्नेछ ।"

(२) उपविनियम (३) को खण्ड (घ) को सट्टा देहाय बमोजिम खण्ड (घ) राखिएको छ :

"(घ) बिक्रीकर्ता राफसाफ सदस्यले आफूले बिक्री गरेको धितोपत्र कारोबार सम्पन्न भएको दुई कार्य दिन (T+2) भित्र आफ्नो पुल एकाउण्टमा जम्मा गर्नु पर्नेछ ।"

(३) उपविनियम (३) को खण्ड (ङ) को सट्टा देहाय बमोजिम खण्ड ( ङ) राखिएको छ :

"(ङ) खरिदकर्ता राफसाफ सदस्यले आफूले खरिद गरेको धितोपत्र बापतको रकम कारोबार सम्पन्न भएको दुई कार्य दिन (T+2) भित्र खण्ड (ग) बमोजिमको बैंकमा रहेको आफ्नो राफसाफ खातामा जम्मा गर्नु पर्नेछ ।"

४. **विनियम १९ को उपविनियम (१) मा संशोधन :** मूल विनियमावलीको विनियम १९ को उपविनियम (१) सट्टा देहाय बमोजिम उपविनियम (१) राखिएको छ :

"(ङ) खरिदकर्ता राफसाफ सदस्यले आफूले खरिद गरेको धितोपत्र बापतको रकम कारोबार सम्पन्न भएको दुई कार्य दिन (T+2) भित्र खण्ड (ग) बमोजिमको बैंकमा रहेको आफ्नो राफसाफ खातामा जम्मा गर्नु पर्नेछ ।"

"(१) राफसाफ सदस्यले कारोबार सम्पन्न भएको दिन बाहेक दुई कार्य दिन भित्र राफसाफ सम्बन्धी कार्य सम्पन्न नगरेमा बजारको आवश्यकता एवं प्रकृति हेरी सिडिएससिले क्लोज आउट गर्न सक्नेछ ।"

बोर्ड सचिव

संचालक समितिबाट स्वीकृत मिति: २०७७/१०/०४